नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ११९ २०८१ साल मंसिर २२ गते शनिबार (7 Dec. 2024 Saturday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पत्तिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : मनोरञ्जन क्षेत्रमा हिंसा :... ३ पृष्ठमा : धार्मिक, सामाजिक सद्भावको ... ३ पृष्ठमा भारतको केन्द्रीय बैङ्कद्वार ...

# सपथग्रहण लगत्तै नवनिर्वाचित वडाअध्यक्ष पक्राउ

## वडा अध्यक्ष साहमाथी अपहरण, जबरजस्तीकरणी र कर्तब्य ज्यान मुद्दामा अनुसन्धान सुरु : प्रहरी

**दैनिक समाचारदाता**
**राजविराज, २१ मंसिर ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. १ का नवनिर्वाचित वडाअध्यक्ष धीरेन्द्र कुमार साह सपथग्रहण लगत्तै पदभार ग्रहण कार्यक्रममा सहभागी हुन पुगेका बेला पक्राउ परेका छन् ।

तीन वर्ष अघि भएको सोही वडाकी १९ वर्षिया एक युवतीको अपहरण, जबरजस्तीकरणी र कर्तव्य ज्यान घटनामा उनको समेत संलग्नता रहेको भन्दै प्रहरीमा परेको उजुरी र अदालतको परमादेशको आधारमा नवनिर्वाचित वडाअध्यक्ष साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यही मंसिर १६ गते सम्पन्न उपनिर्वाचनमा साह जनता समाजवादी पार्टी (जसपा) नेपालबाट वडाअध्यक्ष पदमा निर्वाचित भएका हुन् । अघिल्लो दिन बिहीवार पदभार ग्रहण कार्यक्रममा सरिक हुन पुगेका बेला उनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले साह उपर अपहरण तथा शरिर बन्धक, जबरजस्तीकरणी र कर्तव्य ज्यान मुद्दामा अनुसन्धान प्रक्रिया अघि बढाइएको जानकारी दिए । अघिल्लो दिन साँझ पक्राउ परेका साहलाई लगातार सार्वजनिक विदा परेकाले सोमवार मात्र म्याद थपका लागी अदालतमा उपस्थित गराईने उनको भनाई छ ।

प्रहरीका अनुसार साह र अन्य केही प्रतिवादी माथी सोही वडाकी १९ वर्षिया युवतीको २०७९ साल साउन १७ गते अपहरण तथा शरीर बन्धक, जबरजस्तीकरणी र कर्तव्य ज्यान लगायतका अपराध गरेको आरोप छ ।



पक्राउ परेका डाक्नेश्वरी नगरपालिका वडा नं. १ का नवनिर्वाचित वडाअध्यक्ष धीरेन्द्र कुमार साह

यसरी युवतीलाई अपहरण, बलात्कार र कर्तव्य ज्यान लगायतका अपराध गरेको भन्दै साह सहितका ब्यक्तीहरु विरुद्ध २०७९ साल साउन १९ गते पीडित परिवारद्वारा इलाका प्रहरी कार्यालय कल्याणपुरमा जाहेरी परेको थियो । त्यसपछी उनी फरार भएका थिए । यसबारे २०८० साल जेठ १० गते जिल्ला सरकारी वकिल कार्यालय सप्तरीबाट समेत इलाका प्रहरी कार्यालय कल्याणपुरमा जाहेरी परेको र २०८० चैत्र उच्च अदालत जनकपुर-राजविराज इजलाशबाट परमादेश जारी भएको प्रहरीको भनाइ छ ।

यस्तै २०८१ साउन १४ गते इलाका प्रहरी कार्यालय कल्याणपुरमा उक्त मुद्दा दर्ता भएको थियो । त्यस पश्चात् २०८१ साउन १५ गते साहसहित प्रतिवादी विरुद्ध पक्राउ पूर्जी प्राप्त भएपछी साहलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले खोजतलास गरिरहेको र पक्राउ पर्न सक्ने आँकलन गर्दै साह उम्मेदारी मनोनयनका दिन आफु उपस्थित नभई वारेस मार्फत मनोनयन पत्र दर्ता गराएका थिए ।

यसअघि वडाअध्यक्ष पदमा उक्त वडाबाट निर्वाचित भएका नेपाली काँग्रेसका प्रितमलाल चौधरीको निधन भएका कारण उपनिर्वाचन भएको थियो । तर नवनिर्वाचित वडाअध्यक्ष संगिन अपराधमा पक्राउ परे पछी एक पल्ट फेरी उक्त वडा अहिले जनप्रतिनिधीविहिन बन्न पुगेको छ ।

## शिक्षकहरूको तलब भत्ता मासिक भुक्तानीको व्यवस्था गर्न स्थानीय तहहरूलाई परिपत्र

**दैनिक समाचारदाता**
**राजविराज, २१ मंसिर ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शिक्षकहरूको तलब भत्ता मासिक भुक्तानीको व्यवस्था गर्न स्थानीय तहहरूलाई परिपत्र गरेको छ ।

'शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनले कुनै शिक्षकको मासिक तलब भत्ता रोक्का राख्ने व्यवस्था गरेको अवस्थामा बाहेक शिक्षकले काम गरेबापत पकाएको तलब भत्ता मासिक भुक्तानी गर्ने व्यवस्था' आवश्यक जानकारी तथा कार्यार्थ भन्दै मन्त्रालयले स्थानीय तहहरूलाई परिपत्र गरेको हो ।

यसअघि शिक्षा मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रकाशन मन्त्रालयलाई शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनले कुनै शिक्षकको मासिक तलब भत्ता रोक्का राख्ने व्यवस्था गरेको अवस्थामा बाहेक शिक्षकले काम गरेबापत पकाएको तलब भत्ता मासिक भुक्तानी गर्ने व्यवस्थाका लागि सबै स्थानीय तहमा परिपत्र गर्न भन्दै पत्र पठाएको थियो । शिक्षा मन्त्रालयले गत सोमबार पठाएको पत्र अनुरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई परिपत्र गरेको हो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षकहरूलाई मासिक रूपमा तलब निकासा गर्न स्थानीय तहहरूमा ताकेता गर्दै आएको थियो । देशभरका ७५३ वटै पालिकालाई सूचना जारी गर्दै केन्द्रले शिक्षकको तलब मासिक रूपमा भुक्तानी हुने व्यवस्था मिलाउन केन्द्रले भन्दै आएको थियो ।

## आइतबारदेखि मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्न सकिने

**दैनिक समाचारदाता**
**राजविराज, २१ मंसिर ।**

निर्वाचन आयोगले आइतबारदेखि सबै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाट मतदाता नामावलीमा नाम दर्ता सुरु गर्ने निर्णय गरेको छ ।

यसअघि स्थानीय तह उपनिर्वाचन प्रयोजनको लागि देशभरबाट नियमित रूपमा भइरहेको मतदाता नामावली दर्ता गर्ने कार्य स्थगित गरिएकामा सो उपनिर्वाचन सम्पन्न भई परिणामसमेत प्राप्त भइसकेकाले नियमित मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य सुरु गर्न लागिएको आयोगले जनाएको छ ।

कुनै व्यक्ति पेसा, व्यवसाय वा अन्य कुनै कारणले आफ्नो स्थायी ठेगानाभन्दा फरक अर्को कुनै जिल्लामा बसोबास गरिरहेको भए पनि निजले मतदाता नामावलीमा आफ्नो नाम दर्ताका लागि आवश्यक प्रमाणसहित आवेदन गरेमा निजको स्थायी ठेगानामा रहने गरी बाहिरी जिल्लाबाट समेत मतदाता नामावली दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

मतदाता नामावलीमा नाम दर्ताका लागि नेपाली नागरिकताको प्रमाणपत्र आवश्यकपर्ने आयोगले जनाएको छ । नागरिकतामा उल्लिखित ठेगानाभन्दा फरक ठेगानामा मतदाता नामावली दर्ता गर्न नागरिकता, बसाइँसराइ वा विवाह दर्ताको प्रमाणपत्र पेस गर्नुपर्नेछ । आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालका अनुसार अब मतदाता नामावलीमा भएको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइको विवरण अद्यावधिक गर्नेलगायत कार्य गर्न सकिने छ ।




## 'रुघाखोकी लाग्दैमा जथाभाबी औषधि खानु हुँदैन'

काठमाडौँ, २१ मङ्सिर (रासस) ।

काठमाडौँसहित देशभर अत्यधिक चिसो बढ्न थालिसकेकाले यो मौसममा रुघाखोकी लाग्दैमा औषधि किनेर नखान विज्ञहरूले सुझाव दिएका छन् ।

जाडो मौसममा विशेषगरी बालबालिका तथा ज्येष्ठ नागरिकलाई बढी स्याहारको आवश्यकता पर्दछ । विज्ञहरूले जाडो मौसममा बालबालिकालाई श्वासप्रश्वाससम्बन्धी, रुघाखोकी, घाँटीको सङ्क्रमण, पेट दुखाइलगायत समस्या बढी देखिने भन्दै आवश्यक सावधानी अपनाउन आग्रह गरेका हुन् ।

कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा रामहरि चापागाईंले जाडोमा विशेषगरी श्वासप्रश्वास सम्बन्धी रुघाखोकी, निमोनिया, 'कोल्ड डाइरिया' (चिसोले हुने झाडापखाला) का समस्या बढी देखिने बताउनुभयो । "चिसोबाट बालबालिकालाई जोगाउन पौष्टिक आहारको जरुरत पर्दछ । जुनसुकै समयमा पनि बालबालिकालाई पौष्टिक आहार आवश्यक पर्ने भए पनि जाडोमा अन्य समयमाभन्दा बढी चाहिन्छ । यसले साधारण रोग पचाउन सहयोग गर्छ", उहाँले भन्नुभयो । साथै सरकारले उपलब्ध गराएका सबै खोप लगाउनुपर्ने उहाँको भनाइ छ ।

"खोप लगाएका बच्चालाई अरुलाई भन्दा कम रोग लाग्छ । दादुराको खोप लगाएका बच्चालाई निमोनिया हुने जोखिम कम हुन्छ", डा चापागाईंले भन्नुभयो । जाडोमा बालबालिका

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय

### अत्यधिक चिसो बढ्नु पूर्व तयारी आवश्यक

चिसोको मौसम सुरु भइसकेको छ । अत्यधिक चिसोका कारण जिल्लामा जनजिवन प्रभावित हुने गर्दछ । जसले गर्दा गरिब, निमुखा, विपन्न जनताहरु यसबाट बढी प्रभावित हुने गर्दछ । यस्तो अवस्थामा स्थानीय तहले पूर्वतयारी गर्न आवश्यक छ । विपन्नलाई बाढीका कारण निकै जनधनको क्षति हुने गरेको छ । हुनत जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले अत्यधिक चिसोको समयमा सबै पालिकाले सिरक, कम्बल, लत्ताकपडा र दाउराको व्यवस्था आफै मिलाउने निर्णय पनि गरिसकेको छ ।

स्थानीय तहको विपद् व्यवस्थापन कोष, जिल्ला विपद व्यवस्थापन कोष र नेपाल रेडक्रस सोसाइटी, गैसस महासंघ, उद्योग बाणिज्य संघ मार्फत अति विपन्न, असहाय, वृद्ध, अपाङता र अरुको सहारा लिनुपर्ने व्यक्ति/परिवारलाई स्थानीय तहले कम्बल तथा न्यानो कपडा बितरणको व्यवस्था मिलाउनु पर्ने हुन्छ । जिल्लाका स्थानीय तह, गैसस, रेडक्रस लगायत विपद्सँग सम्बन्धित सरोकारबाला निकायहरुबीच जिम्मेबार व्यक्ति/फोकल पर्सन तोकी सूचना प्रवाह गरि ती व्यक्तिहरुको सहयोगका लागि अग्रसरता देखाउनु पर्छ ।

यता अत्यधिक चिसो तथा शितलहरको प्रभावबाट जोगिन झोलिलो पदार्थ, तातोपानी, पोषिलो खाना, न्यानो कपडा र घरभित्र बस्ने लगायतका कार्य गर्न प्रचारप्रसार गर्नु पर्ने पनि उत्तिकै आवश्यछ । तसर्थ चिसोबाट कोही पनि मानिसको अकालमै मृत्यु तथा त्यसबाट जोगाउन सम्पूर्ण व्यक्ति तथा सम्बन्धित निकायको कर्तव्य हो भन्ने कुरा नबिर्सेर सबै उत्तिकै जिम्मेवार बन्नु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मनोरञ्जन क्षेत्रमा हिंसा : 'रङ्गीन' क्षेत्र नै 'रङ्गहीन'

**टीकाराम सुनार**

काठमाडौं, २१ मङ्सिर (रासस) ।

देशको राजधानी, सिन्धुपाल्चोककी शान्तिमाया लामाका लागि कुनै बेला सपनाको सहर थियो । रङ्गहीन जीवनमा रङ्ग भर्ने सपनाका कारण यो सहर उहाँका लागि अन्तिम गन्तव्य बन्यो । अनि सुरु भयो उमेरले १४ नकट्दै सपना पछ्याउने यात्रा । "हो, जीन्दगी रङ्गहीन नै थियो, बुवाले अर्को बिहे गरेर हामीलाई जीवित भएर पनि टुहुरो बनाउनुभयो । लालनपालन, पठनपाठनको ठेगान थिएन, आर्थिक अवस्था कमजोर भएपछि यस्तै हुँदोरहेछ", शान्तिमायाले भन्नुभयो, "त्यसैले सिन्धुपाल्चोकमा पूरा हुन नसकेका सपना काठमाडौंमै पूरा गर्ने अभिलाषासहित बाल्यकालमै घरको आँगन छोड्नुपर्‍यो ।"

कलिलो उमेर, कलिलै सपना । पुग्नु धेरै पर थियो तर उडान भर्ने कसरी ? उत्तर थिएन उहाँसँग । "धेरैले भन्ने गर्थे काठमाडौं त ठूलो सहर, अवसर पनि ठूलै होलान् । त्यसैले कामसँगै पढाई अगाडि बढाउँदै बाँकी सपना पछ्याउन पाइएला भन्ने सोचकी थिए । अहँ ! सोचेको पूरा भएन", शान्तिमायाले विगत स्मरण गर्दै भन्नुभयो ।

सीप थिएन, थियो त नृत्य गर्ने सौख । त्यसैले साथीभाइको लहलहमै सुरु भयो नृत्यशाला (डान्सबार, रोधीघर, दोहोरीसाँझ आदि) को खोजी । दिनभरि पढ्न पाइने, रातिराति काम गरे हुने, यस्तो सुनेपछि उहाँलाई लाग्यो योभन्दा उत्तम विकल्प अरु के होला ! तर सजिलो थिएन यस क्षेत्रमा गर्नुपर्ने सङ्घर्ष । यो प्रसङ्ग सुरु हुँदै गर्दा उज्यालो शान्तिमायाको अनुहार धपक्क निभे झैं भयो । "घरको कमजोर अवस्थाले १५ वर्षको कलिलो उमेरमै काठमाडौंतर्फ डोहोर्‍यायो, साथीभाइको लहलहैले दोहारी साँझ । त्यसपछि जीन्दगीको अध्यारो यात्रा सुरु भयो", शान्तिमायाले मनको बह पोख्न सुरु गर्नुभयो ।

नयाँ ठाउँ, नयाँ परिवेश । नयाँ सपना, नयाँ जोश । शान्तिमायामा धेरै दिन टिकेन त्यो । "मसँग राम्रो लुगा पनि थिएन । साहुँले लुगा, बस्ने ठाउँसहित काम त दिन्छु तर तीन महिना कामसम्म तलब हुँदैन, सामान्य खर्चका लागि रु तीन हजार मात्रै दिन्छु भने । अरु विकल्प थिएन, वेटरका रूपमा काम गर्न राजी भएँ", उहाँले भन्नुभयो,"अध्याँरो, डरलाग्दो ठाउँ । चुरोट, जाँडरक्सी खाने मान्छे, मात लागेपछि होस गुमाउने, छुन खोज्ने, मलाई नै मद्यपान गर्न लगाउने । साहुलाई भन्दा ठीकै छ नि त, धेरै सामान बेचियो भने तिमीलाई पनि त पैसा आउँछ भन्थे । मलाई त बेचबिखनमै परेजस्तो लाग्यो सुरुकै दिन ।"

तीन महिना कट्यो तर तलब बढेन । त्यही बीचमा शान्तिमायाको सहकर्मीसँगै प्रेम भयो र नयाँ ठाउँमा जागिर । त्यहाँ उहाँको तलब रु पाँच हजार तोकियो । १५ वर्ष नकट्दै विवाह भयो । यहाँ पनि सोचेजस्तो भएन । यो सङ्घर्षको अर्को चरण थियो । शान्तिमायाले भन्नुभयो,"प्रेम, विवाह र सङ्घर्ष एकैपटक सुरु भयो । नयाँ जागिर सुरु गरेको केही समयमै गर्भ रह्यो । तीन महिनापछि काम गर्न नसक्ने भएपछि साहुँले कामबाट निकाले । फेरि बेरोजगार । श्रीमानको व्यवहार परिवर्तन भयो, हिंसा गर्न थाल्नुभयो । कलिलै उमेरमा गर्भ, त्यसैमाथि हिंसा, उफ !"

कैयन दुःख सहेर छोरी जन्मिइन् । श्रीमान् थप हिंश्रक बन्न थाले । छोरी एक वर्षकी भएपछि शान्तिमायाले फेरि काम सुरु गर्नुभयो । पहिले वेटरको काम गर्ने उहाँलाई अब स्टेज भएको ठाउँमा डान्सरको रूपमा काम गर्ने मन लाग्यो । अरु काम गर्दा हिंसा बेहोर्नुपरेकी उहाँलाई यस्तो काम गर्दा सजिलो होला भन्ने लागेको थियो । "छोरीलाई कोठामा थुनेर जान्थे । कार्यस्थलमा नथाकुन्जेल नाच्ने, ग्राहकसँग बस्नुपर्ने । नचाहँदा नचाँदै पिउनुपर्ने, ग्राहकको रुचिअनुसार गर्नुपर्ने । घरमा श्रीमान् थप पीडा दिन थाले । अन्ततः सम्बन्ध टुट्यो", उहाँले पीडा सुनाउनुभयो,"काममा समस्या, त्यसैमाथि श्रीमान्को ज्यादति । १५ वर्षमा प्रेम र विवाह, १६ वर्षमा बच्चा र १७ वर्ष नपुग्दै सम्बन्ध विच्छेद । अहिले छोरी आठ वर्षकी भइन् । जीन्दगी जेनतेन चलेकै छ ।"

उहाँले रोजगारीका दौरान पटकपटक शारीरिक, मानसिक र यौनजन्य हिंसा भोग्नुपरेको सुनाउनुभयो । महिला हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा काठमाडौंको एउटा कार्यक्रममा भेटिएकी शान्तिमायाले आफूले भोगेजस्तो समस्या मनोरञ्जन क्षेत्रका धेरैले भोग्न बाध्य हुनुपरेको सुनाउनुभयो ।

लाखौं मान्छेलाई रोजगारी दिइरहेको मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र आवरणमा रङ्गीन देखिए पनि व्यवहारमा रङ्गहीन रहेको उहाँको कथन छ । "मैले काम सुरु गर्दै गर्दा उमेर, रुचि, सीपबारे केही सोधिएन न त नियुक्तिपत्र दिएर काममा लगाइयो । शारीरिक, मानसिक र यौन दुर्व्यवहार त्यस्तै । ग्राहक मात्रै होइन, साहुँबाट पनि हिंसा खेप्नुपर्ने । सबैतिर उस्तै छ र सबै जनाले हिंसा भोग्छन् त म भन्दिन तर यो क्षेत्र समस्याले जेलिएको छ", शान्तिमायाको निष्कर्ष हो यो ।

मनोरञ्जन क्षेत्रमै क्रियाशील लगनशील किशोरी समूहकी अध्यक्ष शिवानी मगरले यस क्षेत्रमा धेरैजसो महिला श्रमिक १८ वर्षमुनिका हुनु, न्यून पारिश्रमिक, यौनजन्य हिंसा र सामाजिक रुपमा हेलोहोचो गरिनुजस्ता समस्या रहेको बताउनुहुन्छ । कार्यरत श्रमिकले सुरक्षाको अभावमा विभिन्न प्रकारका दुर्व्यवहार खेप्नु परिरहेको उहाँले सुनाउनुभयो । "मैले पनि १७ वर्षमै क्याफे तथा रेस्टुरेन्टमा काम गरे । समयमा तलब नपाइने, कार्यस्थलमा गलत मनसायका साथ छुन खोज्ने समस्या भोग्नुपर्थ्यो", मगरले भन्नुभयो,"कलिलो उमेरमा काम गर्नुपर्ने, काम गर्दागर्दै विवाह हुने, बच्चा जन्मिने र त्यसपछि थप हिंसा बेहोर्नुपर्ने समस्या छन् । त्योभन्दा ठूलो समस्या भनेको यो क्षेत्रमा काम गर्नेलाई हेर्ने नजर नै गलत छ । त्यसैले चौतर्फी हिंसाको सामना गर्ने अवस्था अन्त्य गर्न सबै जिम्मेवार बनौं", मगरले आग्रह गर्नुभयो ।

नृत्याङ्गना अल्का श्रेष्ठ मनोरञ्जन क्षेत्रमा काम गर्नेहरु सबै गलत हुन्छन् र जे गरे पनि हुन्छ भन्ने आमग्राहकको सोचमै परिवर्तनको आवश्यकता देख्नुहुन्छ । यस्तै व्यवसायीमा श्रम अधिकारलाई बेवास्ता गर्ने र जसरी पनि धेरै पैसा कमाउनुपर्छ भन्ने मानसिकता हावी हुँदा थप हिंसा हुने गरेको उहाँको अनुभव छ । "मनोरञ्जन भन्नेबित्तिकै सबै गलत नै हुन्छन् भन्ने हुँदैन तर ग्राहकले गलत मानसिकता राखेर आउने, जिस्क्याउने, होच्याउने, कुनै महिला श्रमिक मन परेमा मूल्य तोकेर आफूसँग हिड्न, रात बिताउन दबाब दिने समस्या छ ।

माथि उल्लेख गरिएका त केही प्रतिनिधिमूलक उदाहरण मात्रै हुन्, विभिन्न अध्ययनले पनि यस्तै समस्या औँल्याएका छन् । शक्ति समूहले सन् २०२३ मा देशका तीन सहरमा गरेको मनोरञ्जन क्षेत्रमा श्रमिक अधिकारहरूको कार्यान्वयन स्थितिसम्बन्धी अध्ययनले श्रम कानुनको उचित पालना नहुँदा धेरैजसो समस्याहरु देखिने गरेको उल्लेख गरेको छ । पोखरा, इटहरी र काठमाडौंका पाँच सय सात नमूना उत्तरदाताहरूलाई आधार मानेर गरिएको सो अध्ययनले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) उचित कामको परिभाषाअनुसार काम नभएको देखाएको छ ।

अनुसन्धानले कुल उत्तरदातामध्ये ४६ प्रतिशतले कार्यस्थलमा कुनै न कुनै प्रकारको दुर्व्यवहार अनुभव गरेको देखाएको छ । स्थान विशेषमा पोखरामा ६९, काठमाडौंमा ४५ र इटहरीमा २३ प्रतिशत उत्तरदाताले दुर्व्यवहारका घटना अनुभव गरेको देखाएको छ । क्षेत्र विशेषमा डान्सबारका ७३, दोहोरी ५१, मसाज पार्लर ३४, क्याबिन ३० र खाजा घरका ३० प्रतिशत उत्तरदाताहरूले दुर्व्यवहारको अनुभव गरेको जनाएको अध्ययन प्रतिवेदनमा उल्लेख छ । "विशेषगरी शब्द, शारीरिक, मनोवैज्ञानिक, यौन, भेदभाव र अन्य प्रकारका दुर्व्यवहारहरू ग्राहक, रोजगारदाता, सहकर्मी, पुरुष र महिलाहरू, प्रहरी, समुदायका सदस्यहरू, श्रीमान, प्रेमी, साथीहरू आदिबाट दुर्व्यवहार हुने गरेको छ । त्यसमध्ये १८ प्रतिशतले पुलिस र ५ प्रतिशतले मात्रै गैरसरकारी संस्थामा दुर्व्यवहार र हिंसामा परेको भनेर सहयोग माग्न जाने गरेका छन्", अध्ययनमा भनिएको छ ।

यति मात्रै होइन, श्रम ऐन, २०७४ ले कुनै पनि व्यक्तिलाई सम्झौताबिना काममा लगाउनु हुँदैन भने पनि सो अध्ययनले केवल ३२ नमूना उत्तरदाताहरू अर्थात छ प्रतिशतसँग मात्रै लिखित कामको सम्झौता रहेको देखाएको छ । "रोजगारदाता श्रम अधिकारसँग सम्बन्धित कानूनी झन्झटहरूबाट बच्नका लागि कर्मचारीहरूलाई लिखित सम्झौता दिनमा हिच्किचाएका उनीहरूको कथन थियो । इटहरीका केवल १२ प्रतिशत र काठमाडौंका सात प्रतिशत नमूना उत्तरदाताहरूले लिखित सम्झौता राखेको पाइएको थियो । पोखरामा कुनै पनि उत्तरदातासँग लिखित सम्झौता थिएन", प्रतिवेदनमा भनिएको छ ।

यस्तो हुँदा सबैभन्दा बढी समस्यामा पर्ने भनेका महिला र बालिका नै हुन् किनकि यस क्षेत्रमा कार्यरत श्रमिकमध्ये करिब ८० प्रतिशत महिला रहेको जानकारहरुको भनाइ छ । यस क्षेत्रका श्रमिकको अधिकारको पैरवी गरिरहेको विश्वास नेपाल नामक गैरसरकारी संस्थाले गरेको 'मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत श्रमिकहरुको अवस्थाबारे विषयगत अध्ययन प्रतिवेदन २०७९ ले कुल उत्तरदातामध्ये नौ दशमलव चार प्रतिशतले मात्रै नियुक्तिपत्र पाएको र सात प्रतिशतसँग मात्रै श्रम सम्झौता गरिएको देखाएको छ ।

काठमाडौं र ललितपुरका विभिन्न स्थानमा कार्यरत श्रमिकसहित तीन सय दुई जनालाई आधार मानेर यो अध्ययन गरिएको थियो । प्रतिवेदनमा भनिएको छ, "३० दशमलव आठ प्रतिशतले कार्यस्थलमा यौनजन्य हिंसा तथा दुर्व्यवहार सामना गर्नु परेको तर तीमध्ये १५ दशमलव दुई प्रतिशतले आफ्नो र जागिरको सुरक्षाका लागि सहेर बसेको जनाएका थिए । हिंसामा पर्नेमध्ये ३६ दशमलव सात प्रतिशत महिला र १७ दशमलव चार प्रतिशत पुरुष रहेको कुराले यस क्षेत्रमा महिला भएकै कारण हिंसा हुने दर उच्च रहेको देखाउँछ र १२ प्रतिशतले चाहेको बेला जागिरसमेत छोड्न नपाउने बताएका छन् ।"

यस क्षेत्रका श्रमिकहरु पनि आफ्नो अधिकारबारे बेखबर जस्तै छन् । यस विषयमा जानकारी दिने, अनुगमन गर्ने र अधिकारको पैरवी गर्ने काम पनि बृहत् रुपमा भएको पाईदैन । विश्वास नेपालको सोही अध्ययनले ४० दशमलव पाँच प्रतिशतले सेवा क्षेत्रका मुख्य सरोकारवालाबारे थाहा नै नपाएको, ४९ दशमलव आठ प्रतिशतले कार्यस्थलमा कुनै अनुगमन नभएको र ५१ दशमलव आठ प्रतिशतले कार्यस्थलमा कुनै आचारसंहिता लागू नभएको बताएको पनि उल्लेख गरेको छ ।

सोही संस्थाको अर्को एक अध्ययन प्रतिवेदनमा भनिएको छ, "अमेरिकी विभाग मोनिटर एण्ड कम्ब्याट ट्याफिकिङ २०२० को प्रतिवेदनअनुसार नेपालमा मानव बेचबिखनका दलालहरूले नेपाली केटाकेटीहरूलाई सडक, डान्सबार, मसाज पार्लर र क्याबिन रेष्टुरेन्टलगायत सत्कार क्षेत्र जस्तो स्थानमा यौन क्रियाकलापमा सङ्लग्न गराउने जनाएको छ । ती यौनकर्मीहरूले निजी अपार्टमेन्टहरू, भाडाका कोठा, गेष्टहाउस र रेष्टुरेन्टहरूलाई यौन बेचबिखन स्थानका रूपमा प्रयोग गर्छन्", त्यहाँ उल्लेख छ,"यस क्षेत्रमा प्रवेशबारे एउटा अध्ययनले भन्छ कि अधिकांश श्रमिकहरू अर्थात ६२ प्रतिशतले १८ वर्षमुनिकै उमेरमा काम सुरु गर्छन् ।... यी ठाउँहरूमा काम गरिरहेका व्यक्ति चाहे १२ वर्षका हुन् वा २१, श्रमिकहरूले विभिन्न

बाँकी तीन पृष्ठमा

# धार्मिक, सामाजिक सद्भावको गढ : गढिमाई मेला

डा शोभाकर पराजुली
काठमाडौँ, २१ मङ्सिर (रासस)।



हरेक पाँच वर्षमा एकपटक 'गढीमाई'को चर्चा परिचर्चा चुलिने गर्छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा बहस हुने यो मेला यसपालि पनि चलिरहेकै छ। हरेक पाँच वर्षमा मङ्सिर १ गतेदेखि सुरु हुने यो मेला एक महिनासम्म चल्छ। मधेसका विभिन्न जिल्लाका ११ स्थानमा यो मेला लाग्छ। तर सबैभन्दा धेरै भने बाराको वरियापुरको गढीमाई मन्दिर चर्चामा रहन्छ।

यो चर्चाको पनि आफ्नै कथाहरू छन्। मन्दिर अनि मेलाका आ-आफ्नै कहानी र किंवदन्तीहरू छन्। मिथक र विश्वासहरू छन्। यो मन्दिरमा हरेक पाँच वर्षमा लाखौं पशुपंक्षीको बली चढान्छ। राष्ट्रिय मात्रै होइन, अन्तर्राष्ट्रियरुपमा पनि यही बलीका कारण मन्दिर र मेलाको चर्चा हुने गर्छ। खासगरी पशु अधिकारकर्मीहरूले बलिप्रथाको विरोध गर्छन्। हरेक प्राणीलाई बाँच्ने अधिकार बराबर भएको भन्दै अधिकारकर्मीहरूले बली प्रथा रोक्न सरकारलाई दबाव पनि दिँदै आएका छन्। सरकारले पनि त्यहीअनुसार बलिलाई व्यवस्थित र नियन्त्रण गर्ने प्रयासहरू गरिरहेको छ। तथापि लाखौं मानिसको आस्था जोडिएका कारण अहिलेसम्म पनि यहाँ बलि रोकिएको छैन। नेपालमात्रै नभएर यो मेलामा छिमेकी भारतका हिन्दू समुदायको पनि उत्तिकै सहभागिता रहन्छ। एक महिनासम्म लाखौं मानिसले भरिने यो मेला एकप्रकारको धार्मिक महाकुम्भजस्तै हुन्छ।

खासगरी आदिवासी समुदाय थारुहरूको इतिहास र धार्मिक विश्वास गाँसिएको यो गढीमाई मन्दिर र मेलासँग अहिले हरेक हिन्दूको आस्था पनि उत्तिकै गहिरो छ। खासगरी समाजमा पछि पारिएका थारुहरूले यो मन्दिरलाई आफ्नो पूर्खाको धार्मिक अवयवका रुपमा पनि लिने गरेका छन्। अहिले पनि यो मन्दिरका मूल पूजारी थारु समुदायबाटै हुन्छन्। हालका पूजारी पनि यो मन्दिर स्थापना गर्ने उनै मूल थारुका पुस्ता मानिन्छन्। मन्दिर स्थापनाका पछाडि जोडिएका किम्बदन्तीअनुसार कैद सजाय भोगिरहेका एकजना थारु समुदायका व्यक्ति भगवान दास थारु सपनामा तुलजा भवानी (गढीमाई) को दर्शन पाउँछन्। र, भवानीले एउटा त्रिशुल उनलाई दिएकी हुन्छिन्। कैद भुक्तान गरेर घर फर्किने बेलामा भगवानदासले त्यो त्रिशुल एक ठाउँमा गाडिदिन्छन्। त्यही ठाउँमा मन्दिर बन्छ र त्यसपछि मेलाको सुरुवात हुन्छ। त्यो त्रिशुल गाडिएको स्थान अर्थात् हालको बारा जिल्ला बरियापुरमा बनेको मन्दिरमा रहेको भवानीको मूर्ति आफै स्थापना भएको पनि किंवदन्ती छ।

हिन्दुहरूको आस्थामा रहने शक्तिपीठमध्ये यो पनि एउटा शक्तिपीठ हो। शक्तिपीठहरूको शिवपत्नी सतिदेवीको अङ्गहरू पतन भएको धार्मिक विश्वास पनि छ। अर्को किंवदन्तीअनुसार भगवान विष्णुले राक्षसहरूको बध गर्न देवीको रुप धारण गरेका थिए। देवीले रक्षसहरूको बध गर्छिन् र युद्धबाट थाकेर उनी त्यहाँको जंगलमा आराम गर्न पुगेकी थिइन्। त्यसैले त्यहाँ उनको मूर्ति आफैँ उत्पन्न भएको भन्ने पनि पौराणिक मान्यता छ। त्यसबेलादेखि यिनै थारु परिवारले मन्दिरको संरक्षण, संवर्द्धन र देवीको पूजाआजा गर्दै आएको र उनका सारा पुस्ता कोही न कोही यो मन्दिरमा जोडिने गरेको जनश्रुतीहरू पनि स्थापित भएका छन्। जे जस्तो भए पनि गढीमाई देवीलाई साक्षात् देवीको प्रतीकका रुपमा लिइन्छ। त्यसैले अरु शक्तिपीठभन्दा यो मन्दिरको महत्व अझ बढ्न गएको पाइन्छ।

यो पौराणिक परिघटना लगभग १७ औं शताब्दीतिर भएको मानिन्छ। त्यस हिसाबले यो मन्दिर र मेलाको इतिहास लगभग चार सय वर्ष पुरानो छ। सदियौं पुरानो इतिहास र मान्यताहरूलाई कति विश्वास गर्ने ? त्यो व्यक्तिगत स्वतन्त्रताको कुरा हो। तथापि, गढीमाई विश्वका आम हिन्दूको धार्मिक आस्थामा गहिरोसँग गाँसिएको छ। नेपालमै रहेका अरु मन्दिरहरूको तुलनामा यो मन्दिर औसत हो। तर यहाँको धार्मिक विश्वास र आस्था भने धेरै अग्लाअग्ला छन्। प्यागोडा शैलीमा निर्माण भएको यो मन्दिरको मूर्ति कसले र कहिले स्थापना भयो ? वा आफैँ उत्पन्न भयो कि कसैले बनाएर राखेको हो भन्नेबारे अहिले पनि मत अभिमतहरू बाझिन्छन्। तथापि यो शक्तिपीठसँग गाँसिएका फरक मान्यता र आस्थाका कारण यसको धार्मिक भव्यता अरु भन्दा निकै पृथक छ।

***बाँकी अन्तिम पृष्ठमा***

---

## *मनोरञ्जन क्षेत्रमा...*

शोषणको सामना गरिरहेका छन्।"

शारीरिक, मानसिक, यौनजन्य हिंसा मात्रै होइन पछिल्लो समय यो क्षेत्र मानव बेचबिखनको उच्च जोखिममा पर्दै गएको जानकारहरु बताउँछन्। सामरी उत्थान सेवाले गरेको एक अध्ययनको पृष्ठभूमिमा भनिएको छ, "नेपालमा मानव बेचबिखनबाट प्रभावित हुनेहरूमध्ये ६८ दशमलव ४९ प्रतिशत घटनाहरू आन्तरिक मानव बेचबिखनसँग सम्बन्धित छन्। त्यसमा पनि वयस्क मनोरञ्जन क्षेत्र सबैभन्दा ठूलो क्षेत्र हो। यसले नेपालमा हुने मानव बेचबिखनको सबैभन्दा धेरै अर्थात् १८ प्रतिशत हिस्सा ओगट्छ।"

राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९ ले मानिसको जीवनशैलीमा आएको परिवर्तन, विश्वव्यापीकरण, प्रविधिको विकास एवं विस्तार, बढ्दो आप्रवासन, सहरीकरण तथा मध्यम वर्गमा भएको वृद्धिका कारण विश्वभर नै वयस्क मनोरञ्जन व्यवसाय विस्तार हुँदै गएको तर मानव बेचबिखन र ओसारपसारको दृष्टिमा यो व्यवसाय थप चुनौतीका रूपमा विश्वसामु देखिएको छ। "वयस्क मनोरञ्जन तथा सत्कार व्यवसायमा उच्च यौनजन्य हिंसाका क्रियाकलाप हुने गरेको तथ्य त्यस क्षेत्रमा कम उमेरका किशोरीको उपयोगमा रहेको बाहुल्यताले पुष्टि गर्दछ। नेपालका प्रमुख सहरहरूमा बढ्दो वयस्क मनोरञ्जन व्यवसायले आन्तरिक मानव बेचबिखन र ओसारपसारका घटना वृद्धि हुनुले थप जटिलता ल्याएको छ। यसका अतिरिक्त श्रमिकको खुला आवागमन, अन्तर्राष्ट्रिय मनोरञ्जन बजारसँगको सहज सम्पर्क र सञ्जाल, आन्तरिक र बाह्य एजेण्टको खुला गतिविधि, बेचबिखनकर्ताको सञ्जाल, खुला सीमाना, प्रविधिको बढ्दो प्रयोग, इन्टरनेटलगायत सुविधाका कारण नेपाली महिला तथा किशोरीलाई देशभित्र र अन्तर्राष्ट्रिय मनोरञ्जन बजारमा उपयोग गर्ने क्रम बढ्दै गएको छ", प्रतिवेदनमा भनिएको छ।

अध्यता शिवहरि ज्ञवाली यस क्षेत्रमा आर्थिक, सामाजिक रुपमा विपन्न तर सांस्कृतिक रुपमा कलासम्पन्न समुदायका श्रमिकको बाहुल्यता रहेकाले उनीहरु थप हिंसामा पर्ने गरेको सुनाउनुहुन्छ। उहाँ यस क्षेत्रमा अधिकांश जनजाति र दलित समुदायका व्यक्तिहरु क्रियाशील रहेको र विशेष गरी दलित समुदायका महिलाहरूले जातकै कारण रोजगारी पाउन कठिन भएको, कार्यस्थलमै जातीय बिभेद भोग्नु परेको, रोजगारी पाउनका लागि थर परिवर्तन गर्न बाध्य हुनुपरेको बताउनुहुन्छ। "थर लुकाउनु भनेको आफ्नो पहिचान खुल्ने कानुनी परिचयपत्र नदिनु हो। यदि कानुनी पहिचान नै छैन भने त्यहाँ कार्यसम्झौता हुँदैन। कार्यसम्झौता नभएमा जुनसुकै बेला आइपर्ने समस्या, यौनजन्य, शारीरिक, मानसिक तथा आर्थिकलगायत हिंसाको कानुनी प्रतिवाद गर्ने आधार हुँदैन, जसले गर्दा थप हिंसा भोग्नुपर्ने हुन्छ", ज्ञवालीले भन्नुभयो।

दलित महिला सङ्घका संस्थापक दुर्गा सोब पनि पछिल्लो समय मनोरञ्जन क्षेत्रका महिलामाथि हुने हिंसा सबैका लागि चिन्ताको विषय भएको बताउनुहुन्छ। यस क्षेत्रमा हुने हिंसा अन्त्य गर्न सरकार र सबै सरोकारवालाले गम्भीरतापूर्वक काम गर्नुपर्ने आवश्यकता देखिएको उहाँको भनाइ छ। "घरेलु हिंसा, बलात्कार तथा बलात्कारको प्रयास र हत्या, जातीय तथा लैङ्गिक आधारमा हुने हिंसाका समस्या त्यस्तै छन्। रोजगारीको प्रचुर सम्भावना रहेको मनोरञ्जन क्षेत्रमा काम गर्नेहरुले थप हिंसा सामना गर्नु, सङ्गठित संस्थामै हिंसाको अवस्था रहनु, कार्यस्थलमा हिंसा बेहोर्नु तर सञ्चालक, राज्यलगायत सरोकारवालाबाट संरक्षण प्राप्त नगर्नु चिन्ताको विषय हो", सोबले भन्नुभयो।

राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक एवं श्रम अधिकार अभियन्ता मिलन धरेल मनोरञ्जन तथा सत्कार क्षेत्रका व्यवसाय अनिवार्य दर्ता हुनुपर्ने, श्रम कानुनअनुसार श्रमिकहरुको भर्ना, सेवा सुविधा, पारिश्रमिक र सुरक्षाको व्यवस्था गर्नुपर्नेमा जोड दिनुहुन्छ। उहाँ आधुनिक विश्वमा नेपाललगात सबै देशमा मनोरञ्जन व्यवसाय फस्टाउँदै गएको तर यो क्षेत्र व्यावसायिक, सम्मानित र मर्यादित बन्न नसकेको भनेर उठ्ने प्रश्नबारे चिन्ता व्यक्त गर्नुहुन्छ।

विश्वास नेपालका अध्यक्ष तारा भण्डारी यस क्षेत्रलाई व्यवस्थित गर्नसके लाखौं नागरिकलाई रोजगारी दिनुका साथै नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने धारणा राख्नुहुन्छ। त्यसका लागि यस क्षेत्रमा कार्यरत धेरै श्रमिक महिला आर्थिक, सामाजिक, मानसिक र यौन शोषणमा पर्न बाध्य भएको गुनासा सम्बोधन गर्न रोगारदाता, सरकार, सरोकारवाला र श्रमिकहरु एकताबद्ध भएर लाग्नुपर्ने उहाँको भनाइ छ।

---

## विश्व समाचार

### भारतको केन्द्रीय बैङ्कद्वारा ब्याजदर यथावत कायम राख्ने

मुम्बई, भारत, २१ मङ्सिर (रासस/एएफपी)।

विश्वको पाँचौं ठूलो अर्थतन्त्र भारतको केन्द्रीय बैङ्कले मुद्रास्फीति जोखिमलाई आधार मानेर शुक्रबार ब्याजदरमा कुनै परिवर्तन गरेको छैन। रिजर्भ बैंक अफ इन्डियाले भनेको छ, "बैङ्कले सन् २०२३ फेब्रुअरीदेखि कायम रहेको महत्त्वपूर्ण ब्याजदर ६.५० प्रतिशतमा यथावत रहनेछ।"

अमेरिकी फेडरल रिजर्भसहित विश्वका प्रमुख केन्द्रीय बैंकहरूले कम मुद्रास्फीतिलाई मध्यनजर गर्दै ब्याजदरलाई समायोजन गर्दै घटाउने सहज चक्र सुरु गरेका छन्। फेडले सेप्टेम्बरमा चार वर्षमा पहिलो पटक ब्याजदर कटौती गरेको थियो। भारतमा खुद्रा सामानको मुद्रास्फीति मौद्रिक नीति निर्माताहरूको चार प्रतिशतको लक्ष्यभन्दा माथि रहेको छ र अक्टोबरमा १४ महिनाको उच्च ६.२१ प्रतिशतमा पुगेको छ। आरबीआईका गभर्नर शतीकान्त दासले बैङ्कको मौद्रिक नीति समितिले 'आर्थिक वृद्धिको गति सुस्त भएको' कुरालाई ध्यानमा राखेको तर भारतको दृष्टिकोण 'लचिलो' रहेको बताउनुभयो। दासले भन्नुभयो, "प्रतिकूल मौसमी घटनाहरूको बढ्दो घटना, बढ्दो भूराजनीतिक अनिश्चितता र वित्तीय बजारको उतारचढावले मुद्रास्फीतिमा उल्टो जोखिम निम्त्याएको छ।

भारतीय रिजर्व बैंक (आरबीआई) ले केन्द्रीय बैङ्कमा निक्षेप गर्न ऋणदाताहरूको न्यूनतम नगद मौज्दात अनुपात ४.५ प्रतिशतबाट घटाएर ४ प्रतिशतमा झारेको छ। कम नगद मौज्दात अनुपात तरलता बढाउने उपाय हो किनकि यसले बैङ्कहरूलाई ऋण दिनको लागी अधिक पैसा दिन्छ। आर्थिक वृद्धिमा मन्दीको सङ्केत देखिए पनि केन्द्रीय बैङ्कले ब्याजदरलाई स्थिर राख्ने निर्णय गरेको हो। भारतको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को वृद्धिदर सेप्टेम्बर त्रैमासिकमा ५.४ प्रतिशत रहेको छ, जुन सुस्त उत्पादन क्षेत्र र सुस्त सहरी उपभोगका कारण प्रभावित भएको छ। तथ्याङ्कले भारतलाई विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको प्रमुख अर्थतन्त्रको सूचीमा राखेको छ, तर यो सात त्रैमासिकमा विश्लेषकहरूको ६.५ प्रतिशतको अपेक्षाभन्दा कम अर्थात् सुस्त वृद्धि दर थियो। केन्द्रीय बैङ्कले चालू आर्थिक वर्षको मार्च ३१ सम्ममा आर्थिक वृद्धिदर ६.६ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको छ। आरबीआईले मे २०२२ देखि फेब्रुअरी २०२३ को बीचमा ब्याजदरमा २.५ प्रतिशत बिन्दुले वृद्धि गरेको थियो।

### न्युजिल्याण्डको हिमालमा बेपत्ता भएका तीन आरोहीको मृत्यु

वेलिङ्गटन, २१ मङ्सिर (रासस/एएफपी)।

न्युजिल्यान्डको सबैभन्दा अग्लो हिमाल माउन्ट कुक आरोहणका क्रममा बेपत्ता भएका तीन आरोहीको मृत्यु भएको प्रहरीले शुक्रबार जनाएको छ। मृत्यु हुनेमा ५६ वर्षीय अमेरिकी कर्ट ब्लेयर र ५० वर्षीय कार्लोस रोमेरोसहित एक क्यानेडियन आरोही (परिवारको इच्छाअनुसार नाम गोप्य राखिएको) रहेका बताइएको छ। दक्षिण टापुको तीन हजार ७०० मिटर अग्लो माउन्ट कुकको आरोहणबाट फर्कन नसकेपछि तीनै जना पाँच दिनअघि बेपत्ता भएका थिए। स्थानीय प्रहरी निरीक्षक विकी वाकरले भन्नुभयो, "शुक्रबार उनीहरू हराएको पाँचौं दिन पुगेको छ। उनीहरू बाँचेको हुनसक्ने कुनै आधार छैन।"

खतरनाक मौसमका कारण तीन दिनसम्म खोजी कार्य रोकिएको थियो, तर शुक्रबारको अवस्थाले अल्पाइन इलाकामा खोजीका लागि हेलिकप्टर र ड्रोन तैनाथ गर्न सहज भएको छ। खोजी टोलीले यसअघि उनीहरूको भनिएको एक थान ज्याकेट, हिँउमा बाटो बनाउन प्रयोग गरिने हतियार (हाते बन्चरो) लगायतका सामग्री भेटिएको जनाएको छ। शुक्रबारको ड्रोन फुटेजमा पनि पदचिह्नहरू पछ्याइएको र उनीहरू तीनै जनाले जुरब्रिगेन पहाडको चुचुरो काटेको सङ्केतहरू पाइएका छन्। वाकरले भन्नुभयो, "पर्वतारोहीहरू कति दिनदेखि हराइरहेका छन्, उनीहरूसँग कुनै सञ्चार छैन, हामीले प्राप्त गरेका सामानहरू र आज हाम्रो टोलीको समीक्षापछि, ती व्यक्तिहरू बाँचेका हुनसक्ने कुनै आधार भेटिएन।" वाकरले तीनै आरोहीका परिवारसँग सम्पर्क गरिएको बताउँदै र नयाँ सूचना वा विश्वसनीय दृश्य देखिएमा प्रहरीले पुनः खोजी कार्य सुरु गर्ने बताउनुभयो।

### देशद्रोह गरेको ठहर गर्दै दुई क्रिमिनियालीलाई जेल सजाय

मस्को, २१ मङ्सिर (रासस/एएफपी)।

युक्रेनलाई सैन्य उपकरण र पानीजहाजको गतिविधिबारे जानकारी दिएको आरोपमा मस्कोको नियन्त्रणमा रहेको क्रिमियाको एक अदालतले शुक्रबार दुई जनालाई देशद्रोहको दोषी ठहर गर्दै १३ बर्षको जेल सजाय सुनाएको छ। मस्कोले सन् २०२२ को फेब्रुअरीमा युक्रेनमाथि आक्रमण सुरु गरेयता रूसले युक्रेनलाई सहयोग गरेको अभियोगमा दोषी ठहरिएका कैयौं आफ्ना नागरिकविरुद्ध असाधारण कठोर फैसला जारी गरेको छ।

सजाय सुनाइएका दुईमध्ये एक दिमित्री पोस्पेलोभले सन् २०१७ देखि युक्रेनको एसबीयू सुरक्षा सेवालाई सहयोग गर्दै आएको अभियोजनकर्ताले बताएका छन्। क्रिमियामा होटलहरूमा सुरक्षा क्यामेरा जडान र सेवा गर्ने काम गर्दै गर्दा पोस्पेलोभले एसबीयूलाई फुटेजमा पहुँच दिएको, रूसी सैन्य उपकरणहरू सार्न प्रयोग गरिने सडकहरूको निगरानी गर्न अनुमति दिएको र इन्टरनेट प्रदायकका प्रयोगकर्ताहरूको तथ्याङ्क उपलब्ध गराएको भन्दै दोषी ठहर गरिएको छ।

क्रिमियाको उच्च अदालतले पोस्पेलोभलाई १३ बर्षको जेल सजाय सुनाएको हो। अर्का व्यक्ति भ्लादिस्लाभ अफानास्येभलाई युक्रेनको सेनालाई सहयोग गर्न पैसा दिएको र नौसैनिक जहाजहरूको 'स्थानहरूको फोटो र भौगोलिक समन्वय' पास गरेको अभियोगमा दोषी ठहर गरिएको छ। "यो तथ्याङ्क भरपर्दो थियो र यसलाई आक्रमण गर्न प्रयोग गर्न सकिन्थ्यो," अभियोजनकर्ताहरूले भनेका छन्। अदालतले अफानास्येभलाई १५ वर्षको जेल सजाय सुनाएको छ।

# वाइडबडी विमान खरिदमा चार जना दोषी ठहर

काठमाडौँ, २१ मङ्सिर (रासस) ।

विशेष अदालत काठमाडौँले नेपाल वायुसेवा निगमको विमान खरिदमा अनियमितता भएको ठहर गर्दै तत्कालीन महाप्रबन्धक सुगतरत्न कङ्साकारसहित चार जनालाई जेल सजाय सुनाएको छ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्यद्वय तेजनारायणसिंह राई तथा रितेन्द्र थापाको इजलासले निजहरूलाई दोषी ठहर गरेको हो।

अदालतले निगमका तत्कालीन महाप्रबन्धक कङ्साकारलाई दुई वर्ष नौ महिना कैद हुने फैसला गरेको छ। त्यसमा बिगो रु एक अर्ब ४७ करोड १० लाखको दामासाही हुने रु१२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना गरिएको छ। निजले ज्येष्ठ नागरिक ऐनअनुसार ५० प्रतिशत सजाय छुट पाउने छन्।

निगमका सञ्चालक समितिका तत्कालीन अध्यक्ष एवं पर्यटन मन्त्रालयका सचिव शङ्करप्रसाद अधिकारीलाई एक वर्ष नौ महिना कैद सजायको फैसला भएको छ। दामासाहीले हुने रु १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना भने सोही बराबरको बिगो जफतसमेत हुने फैसलामा उल्लेख छ।

विशेष अदालतले पूर्वसचिव एवं तत्कालीन निगम सञ्चालक समिति सदस्य शिशिरकुमार ढुङ्गानालाई एक वर्ष छ महिना कैद सजाय सुनाएको छ। ढुङ्गानालाई कुल बिगोको दामासाही हुने रु १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना हुने फैसला भएको छ।

पर्यटन मन्त्रालयका तत्कालीन सहसचिव बुद्धिसागर लामिछानेलाई पनि एक वर्ष छ महिना कैद सजायको फैसला भएको छ। दामासाहीले हुने रु १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना लामिछानेलाई हुनेछ। बिगो असुलउपरको फैसला लामिछानेलाई पनि लागू हुनेछ।

अदालतले जहाज खरिद प्रक्रियामा संलग्न विदेशी कम्पनीका तीन प्रतिनिधिलाई पनि दोषी ठहर गरेको छ। ती कम्पनीका प्रनिनिधिलाई एक वर्ष छ महिना कैद र दामासाहीले हुने रु १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवानाको फैसला गरेको छ।

अदालतले तत्कालीन संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाहीलाई सफाइ दिएको छ। उक्त प्रकरणमा दुई विदेशीसहित २७ प्रतिवादीले अभियोगबाट सफाइ पाएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वाइडबडी खरिदमा भ्रष्टाचार भएको उल्लेख गर्दै मुद्दा दायर गरेको थियो।

# तीन प्रकारका विषादी प्रतिबन्ध

**दैनिक समाचारदाता**
**राजविराज, २१ मंसिर ।**

नेपाल सरकारले तीन प्रकारका विषादी प्रतिबन्ध लगाएको छ। सरकारले नेपाल राजपत्रमा सूचना जारी गर्दै नोलमा पाराक्वाट, क्लोरपाइरिफोस र फोरेट नामक विषादी प्रतिबन्ध लगाएको हो।

शुक्रबार प्रकाशित सूचनामा सो विषादी उत्पादन, संश्लेषण, आयात, निर्यात, व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण र ओसारपसारमा प्रतिबन्ध लगाइएको उल्लेख छ। बाँकी रहेका विषादीहरू पाराक्वाट र क्लोरपाइरिफोस दुई वर्षभित्र समाप्त/प्रयोग गरिसक्नु पर्नेछ।

जनस्वास्थ्य तथा वातावरण प्रवर्धन केन्द्र (सेफेड) ले यी विषादी र विषाक्त रसायनहरूका विषयमा लामो समयदेखि काम गर्दै आएको छ। केन्द्रले प्रतिबन्ध लगाएको विषादीको प्रभावकारी कार्यान्वयनको माग गरेको छ।

## धार्मिक, सामाजिक ...

हरेक पाँच वर्षमा लाग्ने यो मेलाको एक महिने अवधिमा हजारौं पशुपंक्षीको प्राण चढाइन्छ। तर त्योभन्दा अघि उनै मन्दिरका संस्थापकका पुस्ता अर्थात् मूल पूजारी आफैँले नरबली दिने प्रचलन छ। त्यो भनेको मान्छेकै बलिको नाउँमा शरीरका विभिन्न पाँच अङ्गको रगत निकालेर मूर्तिमा चढाइन्छ। त्यसपछि मुसा, बोका, परेवा, कुखुरा अनि राँगाको बलि चढाइएपछि बल्ल सर्वसाधारणले आफ्नो भाकल, इच्छा र हैसियतअनुसार पशुबलि चढाउँछन्। त्यसमध्ये सबैभन्दा बढी राँगाको बलि चढाइन्छन्। यकिन तथ्य र तथ्याङ्कहरू नभए पनि यहाँ हरेक वर्ष ३० देखि ४० हजार राँगाहरूको बलि चढाइन्छ। अरु पशुपक्षीको खासै गणना रहँदैन।

धर्म भनेको हरेक व्यक्तिको आफ्नै मौलिक र निजी स्वतन्त्रताको कुरा हो। त्यसैले नेपाल पनि धर्मनिरपेक्ष राष्ट्र हुनेछ भनेर संविधानमै लेखिएको छ। यो वैयक्तिक स्वतन्त्रता कतै-कसैबाट हनन् हुनुहुँदैन। यो एउटा मानवअधिकारको पनि कुरा हो। अनि धर्म भनेको धारण पनि हो। त्यो भनेको हरेक प्राणीको जीवनको आफ्नो शैली, स्वभाव र अनुशासन हो। हरेक धर्मका आआफ्नै महत्व छन्। विश्वास र आस्था छन्। आफ्ना मान्यताहरू छन्। कुनै धर्म र आस्थाको महानता अर्कोसँग तुलना हुँदैन र हुनुहुँदैन। यो मेलाका क्रममा हजारौं प्राणको ज्यान हरण हुने गरेको भन्दै विरोध र आलोचना हुँदै आएको छ। हरेक प्राणीलाई मान्छेजस्तै स्वतन्त्र बाँच्ने अधिकार रहन्छ र हुन्छ नै। तर एउटा आस्था, विश्वास र धारणाले बाँधिएको यो प्राकृतिक चक्रलाई त्यहीअनुसार स्वीकार गर्नुपर्छ। शिक्षा र चेतनाको विकाससँगै यस्ता मान्यताहरू विस्तारै स्थापित हुँदै जान्छन्। यद्यपि अहिले विश्वभरि नै पशुअधिकारका लागि कैयौं अभियानहरू चलिरहेका छन्। कतिपय देशहरूले पशुअधिकारको कानुनसमेत बनाइसकेका छन्। नेपालले पनि विस्तारै पशु अधिकारका लागि कानुनहरू बनाउने, बलिप्रथा व्यवस्थित र नियन्त्रण गर्दै लैजाने जस्ता कामहरू क्रमिक रुपमा गर्दै आएको छ।

जे जस्तो भए पनि गढीमाई पनि त्यस्तै एउटा समूह र समुदायको आस्थाको एउटा केन्द्र हो। कुनै एउटा समुदायको पुस्तैनी इतिहास गाँसिए पनि यो मन्दिर र मेलाको महत्वलाई आम समुदायले नै अपनत्व पाइन्छ। पञ्चवर्षीय यो मेलामा हरेक व्यक्ति, समुदाय र वर्गका बीच आपसी मेलमिलाप, सद्भाव र प्रेमभाव प्रकट भएको देखिन्छ। त्यसैले यो मेला एकप्रकारले भन्ने हो भने धार्मिक र सामाजिक सद्भावको एउटा उत्कृष्ट सङ्गम पनि हो।

## 'रुघाखोकी लाग्दैमा ...

चिसो मानेर नुहाउन नमान्ने, हात खुट्टा धुन गाह्रो मान्ने भएकाले पनि रोगको सङ्क्रमण बढी देखिने उहाँको भनाइ छ।

रुघाखोकी लाग्दैमा औषधि खानु वा खुवाउनु नहुने भन्दै कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा चापागाईंले निरन्तर रुघाखोकी लागेमा विशेषज्ञ चिकित्सको परामर्श लिनुपर्नेमा जोड दिनुभयो।

डा चापागाईंले भन्नुभयो, "सरसफाइमा ध्यान दिन सके जाडो वा गर्मीमा रोग लाग्ने सम्भावना कम रहन्छ। बच्चाहरू चिसोमा नुहाउन अल्छी मान्छन्। सरसफाइ नहुँदा छालाका रोग पनि देखिन सकिन्छ।" उहाँले जाडो याममा कोठा न्यानो राख्न हिटर तथा कोइला बाल्दा जहिले पनि सफा हावाको आवतजावत हुने वातावरण बनाइराख्न र झ्याल तथा ढोका ड्याम्म नलगाउन आग्रह गर्नुभयो।

पौष्टिक आहार, झोलिलो खानपिन, पर्याप्त मात्रामा आराम गर्दा भाइरल रुघाखोकी पाँच-छ दिनमा हराएर जाने डा चापागाईंले बताउनुभयो। उहाँले रुघाखोकी लाग्दैमा औषधि जथाभावी पसलबाट औषधि किनेर खुवाउन हतार नगर्न अभिभावकलाई सुझाउनुभयो।

"रुघाखोकी लागेमा न्यानो राख्ने, झोल खानेकुरामा ध्यान दिने र आराम गराउँदा बच्चा निको हुन्छ। रुघाखोकीसँगै सास फेर्न गाह्रो भएमा, कोखा हानेमा, धेरै ज्वरो आएमा, बच्चाले खाना कम गरेमा स्वास्थ्यकर्मीको सल्लाह अनुसार औषधि सेवन गर्नुपर्छ", बालरोग विशेषज्ञ डा चापागाईंले भन्नुभयो।

# बचतपत्रमा बैंकभन्दा बढी ब्याज हुँदा पनि लगानीकर्ताको आकर्षण कम

काठमाडौँ, २१ मङ्सिर (रासस)।

नेपालमा वित्तीय क्षेत्रमा लगानीका धेरै विकल्पहरू छन्। घरजग्गा, सुनचाँदी, पुँजीबजार र मुद्दती निक्षेपजस्ता क्षेत्रमा नागरिकहरूले प्राथमिकता दिने गरेका छन्। यी विकल्पभन्दा सहज, सुरक्षित र आकर्षक प्रतिफल मानिने सरकारी उपकरण 'बचतपत्र' को चर्चा भने अत्यन्त कम छ।

बैंकको मुद्दती निक्षेपभन्दा बढी ब्याज दिने बचतपत्र लगानीका लागि उत्कृष्ट विकल्प हो। यसको प्रचारप्रसारको अभाव, केही प्रक्रियागत जटिलता र दोस्रो बजारको सीमित जानकारीका कारण यसप्रति लगानीकर्ता आकर्षित हुन सकेका देखिँदैनन्।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले मुख्यतः दुई प्रकारका बचतपत्र जारी गर्दै आएको छ। पहिलो, 'नागरिक बचतपत्र', जुन नेपाली नागरिकको बचत परिचालन गरी आन्तरिक ऋण जुटाउन प्रयोग गरिन्छ। दोस्रो, 'वैदेशिक रोजगार बचतपत्र', जुन वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक वा फर्केका नागरिकका लागि लक्षित उपकरण हो। यी बचतपत्रहरू पाँचवर्षे अवधिका हुन्छन् र हालको ब्याजदर क्रमशः साढे सात र साढे आठ प्रतिशतले रहेको छ। यो ब्याजदर बैंकको मुद्दती निक्षेपभन्दा धेरै आकर्षक भए पनि यसको महत्व र फाइदाबारे धेरै नागरिकलाई जानकारी छैन।

बचतपत्र पूर्ण रूपमा सुरक्षित लगानी हो। यसमा सरकारले मूलधनको 'ग्यारेन्टी' गरेको हुन्छ। साथै, बचतपत्रको ब्याज रकम हरेक छ महिनामा खरिदकर्ताको बैंक खातामा सिधै जम्मा हुन्छ। यसलाई धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिने हुँदा यसमा लगानी गर्दा अन्य क्षेत्रमा पनि लगानीका अवसर खुल्नुका साथै दोस्रो बजारमा यसको सहज कारोबारले बचतपत्रलाई छिटो तरलता प्रदान गर्छ।

बचतपत्र फाइदाहरू हुँदाहुँदै पनि बचतपत्र लगानीकर्ताको रोजाइमा पर्न नसक्नुका पछाडि प्रचारप्रसारको कमी र धेरै लगानीकर्तालाई यसबारे जानकारी नहुनु रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले बताउनुभयो।

"बचतपत्रप्रति नागरिकको कम आकर्षणका केही ठोस कारणहरू छन्। पहिलो र मुख्य समस्या यसको प्रचारप्रसारको अभाव हो", पुडासैनीले भन्नुभयो, "बचतपत्रको प्राथमिक निष्कासन प्रक्रिया निकै सजिलो भए पनि यसबारे धेरैलाई जानकारी छैन। बजारको सीमित जानकारी र पहुँचले पनि बचतपत्रप्रति लगानीकर्ताको चासो घटाएको हुनसक्छ।"

बैंक तथा वित्तीय संस्थाहरूले मुद्दती निक्षेप र अन्य बचत योजनाको प्रचार व्यापक रूपमा गर्ने भए पनि बचतपत्रका बारेमा पर्याप्त जानकारी प्रवाह गरिएको पाइँदैन।

बचतपत्रलाई तत्काल तरलतामा रुपान्तरण गर्न सकिन्छ। अर्थात् आफूले खरिद गरेको बचतपत्र चाहेको समयमा तत्कालै बेच्न सकिन्छ। "बचतपत्र धनीले आफूले चाहेका बेला बजार निर्माताका रूपमा बैंक तथा वित्तीय संस्थाहरूलाई सजिलै बिक्री गर्न सक्छन्। कसैले बिक्री गर्न चाहेमा बैंकले खरिद गर्दिन भन्न पाउँदैन। यसकारण बचतपत्रलाई एकदमै तरल प्रकृतिको मान्न सकिन्छ", पुडासैनीले भन्नुभयो, "जसकारण भोलिको दिनमा बैंकहरूको ब्याजदर बढ्यो भने पनि बचतपत्र बेचेर मुद्दती निक्षेप लगानी गर्नसक्ने विकल्प खुला छ।"

नेपालमा वित्तीय साक्षरताको कमी पनि बचतपत्रप्रति कम आकर्षण हुनुको अर्को कारण हो। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सञ्चालन गर्ने डोम्स (डिओएमएस) प्रणाली र इन्भेस्टर पोर्टलमार्फत सहजै कारोबार गर्न सकिने भए पनि धेरैजसो नागरिकलाई यी माध्यमहरूको प्रयोगबारे प्रस्ट जानकारी छैन। आमनागरिकले आफ्नो बचतलाई सुरक्षित रूपमा परिचालन गर्न सकिने साधनका रूपमा बचतपत्रलाई बुझ्न सकेका छैनन्।

बचतपत्रमा लगानी आकर्षित गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले केही सुधारका प्रयासहरू गरिरहेको पुडासैनीले जानकारी दिनुभयो। अनलाइन माध्यमबाट सजिलै आवेदन दिन सकिने, बचतपत्रको ब्याज रकम सिधै खरिदकर्ताको बैंक खातामा जम्मा हुने, दोस्रो बजारको कारोबारलाई सहज बनाउन प्रक्रियागत सुधार र दोस्रो बजारमा कारोबार गरेबापत ग्राहकसँग लिइने शुल्क कटौतीजस्ता प्रयास भएको उहाँले बताउनुभयो।

विदेशमा रहेका नेपालीहरूका लागि लक्षित वैदेशिक रोजगार बचतपत्रले उनीहरूको आम्दानीलाई सुरक्षित लगानीमा रूपान्तरण गर्न सहयोग पुऱ्याउने भए पनि त्यो अवसरका सदुपयोग भने हुन नसकेको पुडासैनीले स्वीकार्नुभयो। "विगतमा केही वैदेशिक रोजगार बचतपत्र एक प्रतिशतभन्दा कम सस्काइब (खरिद) भएका उदाहरण पनि छन्। तर पछिल्लो समय विस्तारै बचतपत्र खरिद गर्नेहरूको सङ्ख्या बढिरहेको छ", उहाँले भन्नुभयो।

दश प्रतिशत ब्याजदर दिइएका वैदेशिक रोजगार बचतपत्र २०८१, २०८१ 'क', २०८२ र ११ प्रतिशत ब्याज दिइएको २०८५ को एक प्रतिशतभन्दा कम खरिद भएको थियो। साढे १२ प्रतिशत ब्याज दिइएको वैदेशिक रोजगार बचतपत्र २०८४ को भने कुल निष्कासित रकमको ११ दशमलव ३४ प्रतिशत खरिद भएको थियो।

अहिले पनि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले यही मङ्सिर १२ गतेदेखि वैदेशिक रोजगार बचतपत्र-२०८६ (क) निष्कासन गरेको छ। कूल रू ५० करोड बराबरको निष्कासन रहेको पाँच वर्ष अवधिको यो बचतपत्रमा साढे आठ प्रतिशत ब्याजदर दिइने कार्यालयले जनाएको छ। यो बचतपत्रको ब्याज प्रत्येक छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा सोझै भुक्तानी हुनेछ। घटीमा रू १० हजार र बढीमा कूल निष्कासित रकमको सीमामा नबढाई रू १० हजारले भाग गर्दा निशेष भाग जाने अङ्कमा खरिद गर्न सकिने कार्यालयले जनाएको छ। पहिलो आवेदन दिनेले पहिले खरिद गर्न पाउनेछन्। वैदेशिक रोजगारीमा रहेका र निजका परिवारले खरिद गर्न पाउने यो बचतपत्रको आगामी पुस १४ गतेसम्म बिक्री खुला रहेको छ।

सरकारले बचतपत्रको लोकप्रियता बढाउन थप कदम चाल्नु आवश्यक छ। यसको प्रचारप्रसारलाई तीव्रता दिने, प्रक्रियागत जटिलता हटाउने, र वित्तीय साक्षरता अभिवृद्धि गर्नेतर्फ ध्यान दिनुपर्छ। बचतपत्रजस्तो सुरक्षित र लाभदायक उपकरणलाई नागरिकहरूको पहिलो रोजाइ बनाउने हो भने यसले निजी बचतलाई परिचालन गरी राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।


## सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np